नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १९८ २०८२ साल फागुन २७ गते बुधवार (11 Mar2026 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : प्रतिनिधिसभामा प्रत्यक्षतर्फ ... ३ पृष्ठमा : सात जिल्लाका चार सय ... ३ पृष्ठमा : तेल संकटले एसियामा ...

## सप्तरीमा प्रत्यक्षतर्फ १९ हजार भन्दा बढी मत बदर

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

सप्तरीको चारै निर्वाचन क्षेत्रमा कायम रहेको कुल ४ लाख ४६ हजार ४ सय २ मतदाता मध्ये ३ लाख १० हजार ७ सय ४५ मत खसेकोमा १९ हजार ५ सय ६८ मत बदर भएका छन् । यो संख्यालाई प्रतिशतमा नियाल्दा झण्डै ६.३ प्रतिशत मत बदर भएको हो ।




क्षेत्र नं. १ मा ७६ हजार १ सय २५ मत खस्दा ४ हजार ८ सय १ तथा क्षेत्र नं. २ मा ६८ हजार ५ सय ६ मत खस्दा ५ हजार ७ सय २३ मत बदर भएको छ ।

यस्तै क्षेत्र नं. ३ मा ७४ हजार ७ सय ३० मत खस्दा ५ हजार ३ सय ३४ तथा क्षेत्र नं. ४ मा ७१ हजार ८ सय १६ मत खस्दा ३ हजार ८ सय १० मत बदर भएको निर्वाचन कार्यालयको तथ्याङ्कले देखाएको छ ।

यसरी बदर भएका मतपत्रमा कतिपयमा दुई वटा चुनाव चिन्हमा छाप लगाइएको, कोठा बाहिर छाप लगाइएको तथा ल्याप्चे लगाइएको पाइएको छ ।

निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रम प्रभावकारी तुल्याएको दावी गरिरहेपनि परिणाम भने त्यस्तो देखिएन । प्रतिनिधिसभा सदस्य निर्वाचनको मतगणनामा देखिएको बदर मतको संख्याले मतदाता शिक्षा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन हुन नसकेको पुष्टि गरेको छ ।

सबैतिर मतदाता शिक्षा कार्यक्रम पुग्न नसक्दा बदर मतको संख्या बढेको स्थानियको भनाई छ । सरकारले बदरमत घटाउन मतदाता शिक्षाका लागि लाखौं रुपैयाँ खर्च गरेपनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा यस्तो परिणाम देखिएको भन्दै स्थानियले भावी दिनमा यसतर्फ विशेष ध्यान दिनुपर्ने आवश्यकता औल्याएका छन् ।

## साहको उम्मेदवारी खारेजसम्बन्धी सक्कल फाइन झिकाउने आदेश

काठमाडौँ, २६ फागुन (रासस) ।

सर्वोच्च अदालतले धनुषा निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेजसम्बन्धी निर्णयको फाइलसहित यही फागुन २९ गते उपस्थित हुन निर्वाचन आयोगको नाममा आदेश गरेको छ ।

न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले सोमबार रास्वपाका उम्मेदवार साहको उम्मेदवारी खारेज भएको धनुषा १ मा मत परिणामसमेत सार्वजनिक नगर्न भनेको छ ।

आदेशमा मतगणना सम्पन्न भए पनि मतपरिणाम घोषणा नगर्न भनेको छ । आधार कारणसहित आदेश प्राप्त भएको मितिले सात दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेस गर्न भनिएको छ ।

## धनुषा १ बाट नेकपाका यादव निर्वाचित

**दैनिक समाचारदाता**
**धनुषा, २६ फागुन ।**

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा धनुषा-१ बाट नेपाली कम्युनिष्ट पार्टीका मातृकाप्रसाद यादव निर्वाचित भएका छन् । यादवले १० हजार ४२८ मत प्राप्त गर्नुभएको निर्वाचन आयोगले जनाएको छ ।

उक्त क्षेत्रमा नेपाली कांग्रेसका उम्मेदवार रामपलटन साहले नौ हजार ४८५ मत र नेकपा (एमाले)का उम्मेदवार रामचन्द्र मण्डलले ९ हजार २२० मत प्राप्त गर्नुभएको आयोगले जनाएको छ ।

यसअघि धनुषा १ मा राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)का तर्फबाट उम्मेदवार रहेका किशोरी साह कालोसूचीमा भएको उल्लेख गर्दै निर्वाचन आयोगले साहको उम्मेदवारी खारेज गरेको थियो ।

उक्त निर्णयविरुद्ध साह सर्वोच्च अदालत गएका थिए । सर्वोच्च अदालतले सोमबार उक्त रिटमा सुनुवाइ गर्दै यही

***बाँकी तीन पृष्ठमा***

## सप्तरीमा यस बर्ष आँपको उत्पादनमा वृद्धि हुने अनुमान



**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

सप्तरीमा यस बर्ष आँपको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ । सप्तरीलाई आँपको राजधानी मानिन्छ ।

जिल्लामा यस वर्ष विगतको तुलनामा बढी आँपको बोटमा मन्जरी लागेकोले उत्पादनमा वृद्धि हुने भएको कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

गत वर्ष ६४ हजार ३ सय ७३ मेट्रिकटन आँपको उत्पादन भएकोमा यस वर्ष ७५ हजार मेट्रिकटन आँप उत्पादन हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किशुनदेव राउतले जानकारी दिए ।

गत वर्ष आँपका लागि 'अफएयर' अर्थात् नफल्ने वर्ष थियो र यस वर्ष 'अनएयर' अर्थात् फल्ने वर्ष भएकोले उपादकत्वमा वृद्धि हुने उनले बताए ।

कूल ८ हजार २ सय ५३ हेक्टर जमिनमा आँपको बोट रहेको जिल्लामा चालु आ.व. २०८२/०८३ मा ७५ हजार मेट्रिकटन उत्पादकत्व हुने कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

मधेश प्रदेशमै सबै भन्दा बढी आँप उत्पादन हुने जिल्लाको रूपमा पनि चिनिएको सप्तरीको भौगौलिक अवस्था र हावापानीको दृष्टिकोणले हेर्दा आँप उत्पादनका सुहाँउदो मानिन्छ ।

मधेश प्रदेशमा सप्तरीपछि सिरहामा पनि रामै आँप उत्पादन हुन्छ तर, स्वादको मामिलामा सप्तरीको आँप उत्कृष्ट मानिएको छ । यहाँको मालदह, बम्बई, कलकतीया, अम्रपाली, मल्लिका र गुलाव खास आँप स्वादिलो हुने भएकाले अनयन्त्र जिल्लामा पनि ती आँपहरूको ठुलो माग रहिआएको छ ।

## पोखरीमा माछा मार्न गएका युवकको डुबेर मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २६ फागुन ।**

राजविराजस्थित कल्टु दास पोखरीमा डुबेर एक युवकको मंगलबार मृत्यु भएको छ । मृत्यु हुनेमा राजविराज नगरपालिका ४ का २५ वर्षिय बौवा भन्ने गजेन्द्र दास छन ।

विहान ७ बजे तिर राजविराज ३ स्थित कल्टु दास पोखरीमा माछा मार्न गएका उनको डुबेर मृत्यु भएको प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

दुई पल्ट माछा मारेर बाहिर निस्केका उनी तेश्रो पटक पुनः माछा मार्न पोखरीमा डुबेका थिए । तेश्रो पटक माछा मार्ने क्रममा अचानक उनी डुबेको स्थानीयवासी संतोष थापाले बताए ।



पोखरीमा माछा मार्ने क्रममा एक युवा डुबेको खबर पाएपछि पुगेको नेपाली सेनाको बरख गण, सशस्त्र र नेपाल प्रहरीका गोताखोर टोलीले खोजी सुरु गरेको थियो ।

करिब चार घण्टाको प्रयासपछि उनको मृत शरिर सेनाले फेला पारेको छ । मृतकको शव पोस्टमार्टमका लागी स्थानीय गजेन्द्र नारायण सिह पठाई घटनाबारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

चार दिन अघि फागुन २२ गते राजविराज कै वडा नं. ७ स्थित तुरन्ती पोखरीमा १८ वर्षिय अंगद कुमार मेहतरको पनि डुबेर मृत्यु भएको थियो ।

**सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं।**

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं।
- स्वास्थ्य संस्थावाट प्रसुति सेवा लिऔं।
- गर्भवति महिलालाई नियमित पोपिलो खानेकुरा खुवाऔं।
- बच्चा जन्मनेवित्तिकै बिगौति दुध खुवाऔं।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आधुनिकीकरणको नाममा विकृतीलाई रोकौं

अहिलेको परिवर्तित युगसँगै बढ्दो गएको आधुनिकरणले सामान्य जिवनलाई समेत प्रभाव पार्दै गइरहेको छ। जसकारण विकृती र बिसंगतिलाई समेत बढावा दिइरहेको छ। युग परिवर्तनसँगै मानिसहरुको सोचदेखी रहनसहन, खानपिन र बसोवास समेतमा परिवर्तन भएको छ। अहिलेका बुढापाखाहरु समेत परिवर्तनको सम्बाहक बन्न पुगेका छन्। प्रत्येक नागरिकहरुले मोबाईल, इन्टरनेट चलाउने गरेको तथा मोवाईल, ईन्टरनेटको माध्यमबाट घरमै बसेर संसार भरिका खबर प्राप्त गर्ने गरेका छन्। पहिलेको जमानामा हाम्रा बुढापाखाहरुले कुनै खबर तथा समाचार बुझ्नका लागि चिठी पत्रि लेख्ने गरेको थियो, तर अहिलेको आधुनिक युगमा आएर बुढापाखाहरुले पनि मोवाईल र इन्टरनेटको माध्यमबाट घरमै बसेर देश बिदेशको समाचार बुझ्ने र सुन्ने गरेको छ।

त्यति मात्र नभई अहिलेको परिवर्तन युगमा आएर चिठी पत्रि लेख्ने बुढापाखाहरुले समेत अहिले आएर मोबाईल र कम्प्युटर चलाउन थालेका छन। आधुनिकतासँग सँगै निर्माण भएका उपकरणले घरमै बसेर संसार हेर्ने गरिन्छ। पहिला मोबाईल र इन्टरनेट नहुँदा कुनै खबर बुझ्नका लागि चिठी पत्रि लेख्दा महिनौ लाग्ने गरेको थियो, तर अहिले देश अथवा बिदेशमा रहदाँ पनि मिनेट होईन सेकेण्डमै कुराकानी तथा समाचार बुझ्ने गरिन्छ।

यद्दपी मुलुकमा आधुनिकतासँगै धेरै परिवर्तनहरु आएपनि समाजमा त्यतीकै विकृती समेत बढेको छ। जसकारण घरायसी विवाद, सामाजिक विवाद लगायत अन्य विवादले जडो समेत गाड्दै गएको छ। तसर्थ बढ्दो आधुनिकतासँगै आउने विभिन्न विकृतीप्रति सबै सचेत हुनु पनि उत्तिकै जरुरी छ।


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# प्रतिनिधिसभामा प्रत्यक्षतर्फ अधिकांश नयाँ अनुहार

काठमाडौं, २६ फागुन (रासस)।

मुलुकको विशिष्ट परिस्थितिमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ अधिकांश नयाँ अनुहार निर्वाचित भएका छन्।

सोमबार सम्पन्न उक्त प्रणालीतर्फको मतगणना परिणामअनुसार सरकार बनाउने हैसियतमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टीबाट मात्रै १२५ सदस्य निर्वाचित भएका छन्। यसअघिको संसद्मा उक्त दलको २१ सदस्य रहेकामा तीमध्ये १२ जना दोहोरिएका छन् भने यसपटक निर्वाचितमध्ये ११३ जना नयाँ छन्।

प्रत्यक्षतर्फको १६५ निर्वाचन क्षेत्रमा रास्वपाले १२५, नेपाली कांग्रेसले १८, नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले नौ, नेपाली कम्युनिष्ट पार्टीले आठ, श्रम संस्कृति पार्टीले तीन र राष्ट्रिय प्रजातन्त्र पार्टीले एक स्थानमा जित हासिल गरेको छ। एक स्थानमा स्वतन्त्र उम्मेदवार विजयी हुनुभएको छ।

अधिकांश नयाँ अनुहार जितेको रास्वापाबाट झापा निर्वाचन क्षेत्र नं १ बाट निशा डाँगी, क्षेत्र नं २ बाट इन्दिरा राना मगर, क्षेत्र नं ३ बाट प्रकाश पाठक, क्षेत्र नं ४ बाट शम्भुप्रसाद ढकाल र क्षेत्र नं ५ बाट बालेन्द्र शाह निर्वाचित हुनुभएको छ। मोरङ क्षेत्र नं १ बाट यज्ञमणि न्यौपाने, क्षेत्र नं २ बाट कृष्णकुमार कार्की, क्षेत्र नं ३ बाट गणेश कार्की, क्षेत्र नं ४ बाट सन्तोष राजवंशी, क्षेत्र नं ५ बाट आशा झा र क्षेत्र नं ६ बाट रुबिना आचार्य निर्वाचित हुनुभएको निर्वाचन आयोगले जनाएको छ।

सुनसरी निर्वाचन क्षेत्र नं २ बाट लालविक्रम थापा, क्षेत्र नं ३ बाट अशोककुमार चौधरी, क्षेत्र नं ४ बाट दीपककुमार साह, ओखलढुङ्गा क्षेत्र नं १ विश्वराज पोखरेल, उदयपुर क्षेत्र नं १ बाट पारशमणि गेलाल र क्षेत्र नं २ बाट सूर्यबहादुर तामाङ निर्वाचित हुनुभएको छ।

सप्तरी क्षेत्र नं १ बाट पुष्पाकुमारी चौधरी, क्षेत्र नं २ बाट रामजी यादव, क्षेत्र नं ३ बाट अमरकान्त चौधरी र क्षेत्र नं ४ बाट सीताराम साह, सिराहा क्षेत्र नं १ बाट बब्लु गुप्ता, क्षेत्र नं २ बाट शिवशङ्कर यादव, क्षेत्र नं ३ बाट शम्भुकुमार यादव र क्षेत्र नं ४ बाट तपेश्वर यादव निर्वाचित हुनुभएको छ।

धनुषा क्षेत्र नं २ बाट रामविनोद यादव, क्षेत्र नं ३ बाट मनिष झा र क्षेत्र नं ४ बाट राजकिशोर महतो, महोत्तरी क्षेत्र नं १ बाट प्रमोदकुमार महतो, क्षेत्र नं २ बाट दीपकुमार साह, क्षेत्र नं ३ बाट उज्ज्वलकुमार झा र क्षेत्र नं ४ बाट गौरीकुमारी विजयी हुनुभएको छ।

सर्लाही क्षेत्र नं १ मा नितिमा भण्डारी (कार्की), क्षेत्र नं २ मा रविन महतो, क्षेत्र नं ३ मा नरेन्द्र साह कलवार र क्षेत्र नं ४ मा अमरेशकुमार सिंह, रौतहट क्षेत्र नं १ मा राजेशकुमार चौधरी, क्षेत्र नं ३ मा रवीन्द्र पटेल र क्षेत्र नं ४ मा गणेश पौडेल निर्वाचित हुनुभएको छ।

सोही पार्टीबाट बारा क्षेत्र नं १ बाट गणेश धिमाल, क्षेत्र नं २ बाट चन्दनकुमार सिंह, क्षेत्र नं ३ बाट अरबिन्द साह र क्षेत्र नं ४ बाट रहबर अन्सारी, पर्सा क्षेत्र नं १ बाट बुद्धिप्रसाद पन्त, क्षेत्र नं २ बाट सुशीलकुमार कानु, क्षेत्र नं ३ बाट रामाकान्तप्रसाद चौरसिया र क्षेत्र नं ४ बाट टेकबहादुर शाक्य निर्वाचित हुनुभएको छ।

दोलखा क्षेत्र नं १ बाट जगदीश खरेल, रामेछाप निर्वाचन क्षेत्र नं १ बाट कृष्णहरि बुढाथोकी, सिन्धुली क्षेत्र नं १ बाट धनेन्द्र कार्की र क्षेत्र नं २ बाट आशिष गजुरेल, धादिङ क्षेत्र नं १ बाट आशिका तामाङ र क्षेत्र नं २ बाट बोधनारायण श्रेष्ठ, नुवाकोट क्षेत्र नं १ बाट विक्रम तिमिल्सिना र क्षेत्र नं २ बाट अचुत्तम लामिछाने निर्वाचित हुनुभएको छ।

रास्वपाबाटै काठमाडौँ क्षेत्र नं १ बाट रन्जु न्यौपाने, क्षेत्र नं २ बाट सुनिल केसी, क्षेत्र नं ३ बाट राजुनाथ पाण्डे, क्षेत्र नं ४ बाट पुकार बम, क्षेत्र नं ५ बाट सस्मित पोखरेल, क्षेत्र नं ६ बाट शिशिर खनाल, क्षेत्र नं ७ बाट गणेश पराजुली, क्षेत्र नं ८ बाट विराजभक्त श्रेष्ठ, क्षेत्र नं ९ बाट डोलप्रसाद अर्याल र क्षेत्र नं १० बाट प्रदीप विष्ट, भक्तपुर क्षेत्र नं १ बाट रुकेश रन्जित र क्षेत्र नं २ बाट राजीव खत्री, ललितपुर क्षेत्र नं १ बाट बुद्धरत्न महर्जन, क्षेत्र नं २ बाट जगदीश खरेल र क्षेत्र नं ३ बाट तोसिमा कार्की विजयी हुनुभएको छ।

काभ्रेपलाञ्चोक क्षेत्र नं १ बाट मधुकुमार चौलागाई र क्षेत्र नं २ बाट बदनकुमार भण्डारी, सिन्धुपाल्चोक क्षेत्र नं १ बाट भरतप्रसाद पराजुली, मकवानपुर क्षेत्र नं १ बाट प्रकाश गौतम र क्षेत्र नं २ बाट प्रशान्त उप्रेती, चितवन क्षेत्र नं १ बाट हरि ढकाल, क्षेत्र नं २ बाट रबि लामिछाने र क्षेत्र नं ३ बाट सोविता गौतम निर्वाचित हुनुभएको छ।

गोरखा क्षेत्र नं १ मा सुधन गुरुङ र क्षेत्र नं २ मा कविन्द्र बुर्लाकोटी, लमजुङ क्षेत्र नं १ मा धर्मराज केसी, कास्की क्षेत्र नं १ मा खडकराज पौडेल, क्षेत्र नं २ मा उत्तमप्रसाद पौडेल र क्षेत्र नं ३ मा विना गुरुङ, तनहुँ क्षेत्र नं १ मा स्वर्णिम वाग्ले र क्षेत्र नं २ मा श्रीराम न्यौपाने निर्वाचित हुनुभएको छ।

सोही पार्टीबाट स्याङ्जा क्षेत्र नं १ मा धनन्जय रेग्मी, क्षेत्र नं २ मा झविलाल डुम्रे, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) क्षेत्र नं १ मा राजन गौतम, क्षेत्र नं २ मा मनिष खनाल, बागलुङ क्षेत्र नं १ मा सुशील खड्का र क्षेत्र नं २ मा सोम शर्मा तथा पर्वत क्षेत्र नं १ मा सागर भुसाल विजयी हुनुभएको छ।

गुल्मी क्षेत्र नं १ मा सागर ढकाल र क्षेत्र नं २ मा गोविन्द पन्थी, पाल्पा क्षेत्र नं २ मा माधवबहादुर थापा, अर्घाखाँची क्षेत्र नं १ मा हरिप्रसाद भुसाल, रुपन्देही क्षेत्र नं १ मा सुनिल लम्साल, क्षेत्र नं २ मा सुलभ खरेल, क्षेत्र नं ३ मा डा लेखजङ्ग थापा, क्षेत्र नं ४ मा कन्हैया बनिया र क्षेत्र नं ५ मा तौफिक अहमद खान निर्वाचित हुनुभएको छ।

कपिलवस्तु क्षेत्र नं १ मा मोहनलाल आचार्य र क्षेत्र नं २ मा विक्रम थापा, प्युठान क्षेत्र नं १ मा सुशान्त वैदिक, दाङ क्षेत्र नं १ मा देवराज पाठक, क्षेत्र नं २ मा विपिनकुमार आचार्य र क्षेत्र नं ३ मा कमल सुवेदी, बाँके क्षेत्र नं १ मा कमल सुवेदी र क्षेत्र नं ३ मा खगेन्द्र सुनार र बर्दिया क्षेत्र नं १ मा ठाकुरसिंह थारू र क्षेत्र नं २ मा श्रीधर पोखेल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) क्षेत्र नं १ मा विक्रम खनाल र क्षेत्र नं २ मा नरेन्द्रकुमार गुप्ता निर्वाचित हुनुभएको आयोगले जनाएको छ।

सुर्खेत निर्वाचन क्षेत्र नं २ मा रमेशकुमार सापकोटा, सुदूरपश्चिम प्रदेशको कैलाली क्षेत्र नं १ मा कोमल ज्ञवाली, क्षेत्र नं २ मा केपी खनाल, क्षेत्र नं ३ मा जगतप्रसाद जोशी, क्षेत्र नं ४ मा खेमराज कोइराला र क्षेत्र नं ५ मा आनन्दबहादुर चन्द, बैतडी क्षेत्र नं १ मा हरिमोहन भण्डारी, डडेल्धुरा क्षेत्र नं १ मा ताराप्रसाद जोशी, कञ्चनपुर क्षेत्र नं १ मा जनकसिंह धाँमी, क्षेत्र नं २ मा दीपकराज बोहरा र क्षेत्र नं ३ मा ज्ञानेन्द्रसिंह महता निर्वाचित हुनुभएको छ।

नेपाली कांग्रेसबाट प्रत्यक्षमा निर्वाचित १८ मध्ये चार जनाबाहेक सबै नयाँ अनुहार छन्। सो पार्टीबाट पाँचथर क्षेत्र नं १ मा नरेन्द्रकुमार केरुङ, इलाम क्षेत्र नं १ मा निश्कल राई, तेह्रथुम क्षेत्र नं १ मा सन्तोष सुब्वा, सोलुखुम्बु क्षेत्र नं १ मा प्रकाश सिंह कार्की, रौतहट क्षेत्र नं २ मा फिरदोश आलम, रसुवा क्षेत्र नं १ मा मोहन आचार्य, मनाङ क्षेत्र नं १ मा टेकबहादुर गुरुङ र मुस्ताङ क्षेत्र नं १ मा योगेश गौचन थकाली निर्वाचित हुनुभएको छ।

यस्तै, पाल्पा क्षेत्र नं १ मा सन्दीप राना, कपिलवस्तु क्षेत्र नं ३ मा अभिषेकप्रताप शाह, मुगु क्षेत्र नं १ मा खड्ग शाही, हुम्ला क्षेत्र नं १ मा जयपति रोकाया, जाजरकोट क्षेत्र नं १ मा खडकबहादुर बुढा, दैलेख क्षेत्र नं १ मा बासना थापा, सुर्खेत क्षेत्र नं १ मा विष्णुबहादुर खड्का, बाजुरा क्षेत्र नं १ मा जनकराज गिरी, अछाम क्षेत्र नं १ मा भरतकुमार स्वार र डोटी क्षेत्र नं १ मा भरतबहादुर खड्का निर्वाचित हुनुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) तर्फबाट विजयी नौ मध्ये तीन जना नयाँ अनुहार हुनुहुन्छ। सो पार्टीबाट निर्वाचित प्रत्यक्षतर्फको सांसद सदस्यमा ताप्लेजुङ क्षेत्र नं १ मा क्षितिज थेबे, इलाम क्षेत्र नं २ मा सुहाङ नेम्वाङ, सङ्खुवासभा क्षेत्र नं १ मा अर्जुनकुमार कार्की, धनकुटा क्षेत्र नं १ मा राजेन्द्रकुमार राई, बाँके क्षेत्र नं २ मा मोहम्मद इश्तियाक राई, दैलेख क्षेत्र नं २ मा लक्ष्मीप्रसाद पोखरेल, अछाम क्षेत्र नं २ मा यज्ञबहादुर बोगटी, बझाङ क्षेत्र नं १ मा ऐनबहादुर महर र दार्चुला क्षेत्र नं १ मा गणेशसिंह ठगुन्ना विजयी हुनुभएको आयोगले जनाएको छ।

नेपाली कम्युनिष्ट पार्टीबाट निर्वाचित आठमध्ये तीन जना सङ्घीय संसद्मा नयाँ अनुहार हुनुहुन्छ। सो पार्टीबाट धनुषा क्षेत्र नं १ मा मातृकाप्रसाद यादव, सिन्धुपाल्चोक क्षेत्र नं २ मा युवराज दुलाल, रुकुम (पूर्वीभाग) क्षेत्र नं १ बाट पुष्पकमल दाहाल 'प्रचण्ड', रोल्पा क्षेत्र नं १ बाट वर्षमान पुन, सल्यान क्षेत्र नं १ बाट रमेशकुमार मल्ल, डोल्पा क्षेत्र नं १ बाट धनबहादुर बुढा, कालिकोट क्षेत्र नं १ बाट महेन्द्रबहादुर शाही र रुकुम (पश्चिम भाग) क्षेत्र नं १ बाट गोपाल शर्मा विजयी हुनुभएको छ।

यस निर्वाचनदेखि उदाएको श्रम संस्कृति पार्टीबाट विजयी तीनै जना नयाँ अनुहार हुनुहुन्छ। सो पार्टीबाट भोजपुर क्षेत्र नं १ मा धुवराज राई, सुनसरी क्षेत्र नं १ बाट हर्कराज राई र खोटाङ क्षेत्र नं १ बाट आरेन राई, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट जुम्ला क्षेत्र नं १ मा ज्ञानबहादुर शाही पुरानै सांसद हुनुहुन्छ।

म्याग्दी क्षेत्र नं १ बाट स्वतन्त्र उम्मेदवार महावीर पुन नयाँ अनुहारका रूपमा विजयी हुनुभएको छ।

यही फागुन २१ गते सम्पन्न निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना अन्तिम चरणमा पुगेको छ। मंगलबार अपराह्न २ बजेसम्म एक करोड पाँच लाख मतगणना भइसकेको छ। निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर केसीका अनुसार समानुपातिकतर्फको मतगणना मंगलबार साँझसम्म सकिने अनुमान गरिएको छ।

जारी मतगणनाअनुसार हालसम्म छवटा राजनीतिक दलले कुल गणना मतको तीन प्रतिशत मत कटाएका छन्। समानुपातिकतर्फ ११० सिटका लागि ५७ राजनीतिक दलले प्रतिस्पर्धा गरेका थिए।

# सात जिल्लाका चार सय त्रियानब्बे उम्मेदवारको जमानत जफत

काठमाडौँ, २६ फागुन (रासस)।

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मलुकका विभिन्न सात जिल्लाका ४९३ जना उम्मेदवारको जमानत जफत भएको छ ।

हाम्रा समाचारदाताहरूका अनुसार काठमाडौँका १० वटा निर्वाचन क्षेत्रका २२६ जना उम्मेदवारको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी ठाकुरप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय जनमोर्चा, उज्यालो नेपाल पार्टी, श्रम संस्कृति पार्टीसहित स्वतन्त्र उम्मेदवारको जमानत जफत भएको छ ।

काठमाडौँ क्षेत्र १ मा एमालेका उम्मेदवार मोहनराज रेग्मीसहित २६, क्षेत्र नं २ मा राममणि फुयाँलसहित २५, क्षेत्र नं ३ मा एमालेका उम्मेदवार रामेश्वर फुयाँलसहित १९, क्षेत्र नं ४ मा २५ जना उम्मेदवारको जमानत जफत भएको हो ।

यसैगरी, काठमाडौं क्षेत्र नं ५ मा एमालेका उम्मेदवार ईश्वर पोखरेलसहित २२ जनाको जमानत जफत भएको छ । काठमाडौं क्षेत्र नं ६ मा १७, क्षेत्र नं ७ मा २६, क्षेत्र नं ८ मा २१, क्षेत्र नं ९ मा २२ र क्षेत्र नं १० मा २३ जना उम्मेदवारको जमानत जफत भएको हो । प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेका उनीहरूले धरौटीबापत रु १० हजार निर्वाचन कार्यालयमा बुझाएका थिए ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम कुल सदर मतको १० प्रतिशत मत प्राप्त गर्न नसक्नेले धरौटीबापत बुझाएको रकम जफत गरिन्छ ।

यसैगरी, कास्की-१ मा १४, कास्की-२ मा १४ र कास्की-३ मा १२ जना उम्मेदवारको धरौटी जफत भएको जिल्ला निर्वाचन कार्यालयलाई उद्धृत गर्दै पोखराबाट हाम्रा स्थानीय प्रतिनिधिले जनाएका छन् ।

दाङस्थित रासस प्रतिनिधिका अनुसार दाङमा ५१ जना उम्मेदवारको जमानत जफत भएको छ । प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी गेहेन्द्र कवँरका अनुसार दाङ क्षेत्र नं.१ मा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार मेटमणी चौधरी, एमालेका उम्मेदवार रेवतीरमण शर्मा, स्वतन्त्र उम्मेदवार कुलप्रसाद केसीसहित १२ जना उम्मेदवारको जमानत जफत भएको छ ।

एमालेबाट दाङ १ मा उम्मेदवार बन्नुभएका रेवतीरमण शर्मा, लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री कुलप्रसाद केसीसहित सोही निर्वाचन क्षेत्रका १२ जनाको जमानत जफत भएको छ । त्यसैगरी, क्षेत्र नं २ मा २० जनाको जमानत जफत भएको छ ।

यसैगरी, इलाममा १८ जनाको धरौटी जफत भएको छ । दुईवटा निर्वाचन क्षेत्र रहेको इलाममा पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत क्षेत्र नं १ मा १३ उम्मेदवारमध्ये आठ र क्षेत्र नं २ मा १४ उम्मेदवारमध्ये एक स्वतन्त्रसहित १० जनाको जमानत जफत भएको हो ।

जमानत जफत हुनेहरूमा राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्वाला नेपाल, नेपाल मजदुर किसान पार्टीका तुल्सीकेशरी प्रजापति, मङ्गोल नेसनल अर्गनाइजेसनका बुद्धलाल मेचे, नेपाल जनमुक्ति पार्टीका डम्बरसिंह लिम्बू, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका रामप्रसाद लिम्बू, नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का नारदमणि साङपाङ, उज्यालो नेपाल पार्टीका हरिबहादुर गुरुङ र जनता समाजवादी पार्टीका लिलाबहादुर सुनुवारको जमानत जफत भएको हो । यसैगरी, क्षेत्र नं २ मा १० जनाको जमानत जफत भएको छ

यसैगरी, हाम्रा भोजपुर समाचारदाताले सम्प्रेषण गरेका समाचारअनुसार सात जना उम्मेदवारको जमानत जफत छ । बागलुङ क्षेत्र नम्बर १ मा राष्ट्रिय जनमोर्चासहित आठ उम्मेदवारको जमानत जफत भएको छ ।

राष्ट्रिय जनमोर्चा केन्द्रीय अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री चित्रबहादुर केसीले समेत जमानत जोगाउन नसक्नुभएको सहायक निर्वाचन अधिकृत पूर्णप्रसाद शर्माले जानकारी दिनुभयो ।

रूपन्देहीस्थित रासस प्रतिनिधिका अनुसार १४३ उम्मेदवारको जमानत जफत भएको छ भने ललितपुरबाट हाम्रा स्थानीय समाचारदाताले जनाएअनुसार ६३ जना उम्मेदवारको धरौटी जफत भएको छ ।

उक्त जिल्लामा राजनीतिक दलका ४० र २३ जना स्वतन्त्र उम्मेदवारको जमानत जफत भएको ललितपुरका मुख्य निर्वाचन अधिकृत पुनाराम खनालले जानकारी दिनुभएको छ ।

# नवनिर्वाचित सांसद महावीर पुन किताब बेच्न पोखरामा

म्याग्दी, २६ फागुन (रासस)।

म्याग्दीबाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य महावीर पुनःचुनाव जितेलगत्तै किताब बिक्री गर्न पोखरा पुग्नुभएको छ । स्वतन्त्र उम्मेदवार बनेर दोब्बर मतान्तरसहित जित हासिल गर्नुभएका पुनले सोमबार पोखराको पृथ्वीचोक, महेन्द्रपुललगायत ठाउँमा आफ्नो आत्मकथा बिक्री गर्नुभएको हो ।

"एकैदिन ८०० पुस्तक बिक्री गरेर रु छ लाख आम्दानी भयो", उहाँले भन्नुभयो, "बिक्रीका लागि काठमाडौँबाट थप पुस्तक मगाएको छु ।" पोखरामा पुनसँग फोटो खिच्ने र हस्ताक्षर गरेर किताब किन्नेको भिड लागेको थियो । पुनः संस्थापक रहेको राष्ट्रिय आविस्कार केन्द्रमार्फत वीरगञ्जमा कृषि औजार कारखाना सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत जुटाउन महावीरले तीन वर्षयता आत्मकथा पुस्तक लेखेर बिक्री गर्दै आउनुभएको छ ।

अन्तरिम सरकारको शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजिनामा दिएर पुनले जन्मथलो म्याग्दीमा चुनाव लड्न आउनुभएको थियो । उहाँले जेनजी आन्दोलन अघि पनि देशका विभिन्न ठाउँ पुगेर किताब बेच्ने गर्दै आउनुभएको थियो ।

गत भदौको २३ र २४ जेनजी आन्दोलनपछि पूर्वप्रधानान्यायाधीश सुशीला कार्की नेतृत्वमा गठन भएको अन्तरिम सरकारमा उहाँ करिब चार महिना शिक्षामन्त्री बन्नुभयो । स्वतन्त्र उम्मेदवार पुनले लोकप्रिय मतका साथ म्याग्दीमा चुनाव जितेलगत्तै समर्थकलाई विजयउत्सव मनाउने नाममा तडकभडक नगर्न अनुरोध गर्दै आफ्नै पुरानो दिनचर्यामा फर्कनुभएको हो ।

पुनले २२ हजार ८५० मत ल्याएर विजयी हुनुभएको थियो । उहाँका प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का हरिकृष्ण श्रेष्ठले सात हजार ९१० मत पाउनुभयो । नेपाली कांग्रेसका कर्णबहादर भण्डारीले छ हजार ६७६ मत पाउनुभयो ।

निर्वाचन आयोगले निर्वाचनको सबै परिणाम सार्वजनिक गरिनसकेको र फुर्सदको समय सदुपयोगका लागि पुस्तक बिक्री गर्न निस्किएको पुनले बताउनुभयो ।

# निर्वाचनमा खटिएका कर्मचारीप्रति आयोगद्वारा आभार प्रकट

काठमाडौँ, २६ फागुन (रासस)।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिकूल अवस्थामा पनि निर्वाचन सम्पन्न गराउन खटिने राष्ट्रसेवक कर्मचारीप्रति आभार व्यक्त गर्नुभएको छ ।

निर्वाचन सम्पन्न गराउन विभिन्न निकायबाट आयोगमा काजमा खटी आएका कर्मचारीको बिदाइ समारोहलाई मंगलबार सम्बोधन गर्दै उहाँले भदौ २७ गते राष्ट्रपतिले फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणा गर्दा निर्वाचन हुन्छ र ? भन्ने प्रश्न आम रूपमा भए पनि छ महिनाबीचमा सम्पन्न गराउन सहयोग गर्ने सबैलाई आभार प्रकट गर्नुभयो ।

"भदौ २३ र २४ गतेको घटनापछि सुरक्षा पेचिलो विषय थियो, निर्वाचन घोषणा भएको एक महिनासम्म पनि दलहरू एक ठाउँमा बस्न सक्ने अवस्था थिएन, आयोगले नै दलहरूलाई एकै ठाउँमा राखेर संवाद आरम्भ गराएको थियो", उहाँले भन्नुभयो, "आजको परिणाम ल्याउन हामी सफल भएका छौँ ।" निर्वाचन सम्पन्न गरेर राष्ट्रपतिलाई प्रतिवेदन बुझाउने तयारीमा आयोग रहेको उहाँले जानकारी गराउनुभयो ।

आयोगका सचिव कृष्णबहादुर राउतले विभिन्न निकायबाट काजमा खटिई आएका कर्मचारीको 'टिमवर्क' ले तोकिएको समयमा निर्वाचन सम्भव भएको बताउनुभयो । निर्वाचनमा खटिएका सबै राष्ट्रसेवक कर्मचारीकै कारण २३ हजार ११२ मतदान केन्द्र र १४३ वटा अस्थायी केन्द्रमा कुनै सामान्य खालका समस्या नभई निर्वाचन सम्पन्न भएको उहाँको भनाइ थियो ।

प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ का लागि विभिन्न निकायबाट गरी १४१ कर्मचारी आयोगमै काजमा आएर काम गरेको प्रशासन शाखा प्रमुख एवं सहायक प्रवक्ता प्रकाश न्यौपानेले जानकारी दिनुभयो । निर्वाचन सम्पन्न भएसँगै काज फिर्ता सुरु भएको जानकारी उहाँले दिनुभयो ।

## धनुषा १ बाट ...

फागुन २९ गतेका लागि दुवै पक्षलाई छलफलका लागि बोलाएको छ ।

साथै आयोगको सोमबार बसेको बैठकले निर्वाचन अधिकृतको कार्यालयलाई मतपरिणाम सार्वजनिक गर्न निर्देशनपछि विजेता घोषणा गरिएको आयोगले जनाएको छ ।

# विश्व समाचार

## तेल संकटले एसियामा तनाव

ढाका, २६ फागुन (रासस/एएफपी)।

मध्यपूर्वमा जारी युद्धका कारण तेलको मूल्य तीव्र रूपमा बढेपछि एसियाका विभिन्न देशहरूमा इन्धन अभाव र असन्तुष्टि देखिन थालेको छ । बङ्गलादेशमा अवस्था अझ तनावपूर्ण बनेपछि प्रमुख तेल डिपोहरूको सुरक्षा गर्न सैनिक तैनाथ गरिएको छ ।

तेल आयातमा अत्यधिक निर्भर बङ्गलादेशले आफ्नो ऊर्जा आवश्यकताको करिब ९५ प्रतिशत बाहिरबाट ल्याउँछ । इन्धन अभावको आशङ्कासँगै राजधानी ढाकासहित विभिन्न स्थानका पेट्रोल पम्पहरूमा लामो लाइन देखिएको छ । सुरक्षा व्यवस्थालाई कडा बनाउन सेनालाई मुख्य डिपोहरूमा राखिएको छ भने पेट्रोल पम्प वरपर प्रहरी गस्ती बढाइएको छ ।

ढाकाको एक पेट्रोल पम्पका कर्मचारी अशरफुज्जमान दुलालले आपूर्ति नपुग्दा आक्रोशित मोटरसाइकल चालकहरूले स्टेसनमा तोडफोड गरेको बताउनुभयो । उहाँका अनुसार डिपोबाट इन्धन नआएको जानकारी दिए पनि चालकहरू आश्वस्त नभएपछि आइतबार हिंसात्मक घटना भएको थियो ।

मङ्गलबार राजधानीको सबैभन्दा पुरानो स्टेसनमध्ये एक शाहजहाँ ट्रेडर्सले आफ्नो इन्धन सकिएको भन्दै ग्राहकसँग क्षमा माग्दै सूचना टाँसेको थियो ।

सत्र करोड जनसङ्ख्या भएको बङ्गलादेश सरकारले स्थिति नियन्त्रणमा राख्न इन्धन राशनिङ सुरु गरेको छ । ऊर्जा अभावका कारण विद्यार्थीहरूलाई घर पठाइएको छ भने सार्वजनिक उत्सवमा हुने प्रकाश प्रदर्शनहरू पनि रद्द गरिएको छ ।

यसैबीच दक्षिणी जिल्ला झेनैदाहमा शनिबार राति इन्धन भर्ने विषयमा कर्मचारीसँग भएको झडपमा एक युवकको मृत्यु भएको प्रहरीले जनाएको छ । २५ वर्षीय युवाको मृत्युपछि आक्रोशित भीडले तीनवटा बसमा आगजनी गर्नुका साथै एउटा फिलिङ स्टेसनमा तोडफोड गरेको थियो ।

ढाकाको सिटी सेन्टरमा मङ्गलबार करिब १.५ किलोमिटर लामो सवारीको लाइन देखिएको थियो । गाडीमा लामो समयदेखि पर्खिरहेका कामरुल हसनले आफ्नो मालिकले कार लाइनमै छोडेर गन्तव्यमा पुग्न रिक्सा प्रयोग गरेको बताउनुभयो ।

पेट्रोल पम्पका कर्मचारी अख्तर हुसेनका अनुसार घण्टौँसम्म भीड नघट्ने अवस्था छ । "खाडी युद्धको समयमा पनि हामीले यति ठूलो भीड देखेका थिएनौँ", उहाँले भन्नुभयो ।

उता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको अमेरिका-इजरायल युद्ध 'छिट्टै अन्त्य हुन सक्ने' बताएपछि मङ्गलबार तेलको मूल्य केही घटेको छ । तर त्यसअघि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल १०० डलर नाघेको थियो । यो मूल्य सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि देखिएको उच्च स्तर हो ।

इरानले मिसाइल र ड्रोन आक्रमणमार्फत खाडी क्षेत्रलाई लक्षित गरेपछि बजारमा अस्थिरता बढेको हो । युद्ध सुरु भएयता होर्मुज जलडमरूमध्यमा समुद्री यातायात पनि प्रभावित भएको छ । विश्वको करिब पाँचौँ भाग कच्चा तेल यही मार्ग हुँदै ओसारपसार हुने भएकाले यसको असर विश्व बजारमा देखिएको छ ।

इन्धन सङ्कटको असर अन्य एसियाली देशहरूमा पनि देखिन थालेको छ । भियतनाममा मङ्गलबार हजारौं मोटरसाइकल चालक पेट्रोलका लागि लाममा उभिएका थिए । त्यहाँ अनलिडेड पेट्रोलको मूल्य २० प्रतिशतभन्दा बढीले बढेको छ ।

यद्यपि सरकारले आयातित पेट्रोलियम उत्पादनमा लगाइने शुल्क हटाएपछि भियतनाम ठूलो अभावबाट भने हालसम्म जोगिएको छ । हनोईका ५७ वर्षीय तुआन नामका एक व्यक्तिले पेट्रोलका लागि लामो समय पर्खनु परेपछि आफू निकै निराश भएको बताउनुभयो ।

उहाँका अनुसार करिब एक घण्टा लाइनमा बसेपछि पालो आउँदा पम्पको प्रणाली बन्द भएको जानकारी दिइएको थियो, जसका कारण धेरै चालकहरू निराश भएर फर्किएका थिए ।

फिलिपिन्समा पनि यस हप्ता पेट्रोल पम्पहरूमा गाडीहरूको लाम देखिएको छ। अधिकारीहरूले इन्धन भण्डारण नगर्न चेतावनी दिएका छन् भने पाकिस्तान र श्रीलङ्कामा पनि यस्तै दृश्यहरू देखिएका छन्।

मेट्रो मनिलाका ग्यास स्टेसन परिचारक एनरिको गुडाका अनुसार मूल्य अझ बढ्ने आशङ्कामा मानिसहरू हतारिएर इन्धन भर्न थालेपछि दैनिक कामको भार दोब्बर भएको छ ।

म्यान्मामा अवस्था अझ कठिन देखिएको छ । आफ्नो इन्धनको करिब ९० प्रतिशत आयात गर्ने यस देशमा पहिले नै गृहयुद्धका कारण ऊर्जा आपूर्ति कमजोर थियो । तेलको भण्डार जोगाउन सरकारले प्रत्येक दिन आधा निजी सवारीसाधन सडकमा नचलाउने व्यवस्था लागू गरेको छ ।

कार भाडामा दिने व्यवसायी ५६ वर्षीया ह्ला हतेले यस्तो नियमले गाडीमा निर्भर चालकहरूलाई व्यवसाय सञ्चालन गर्न कठिन बनाएको बताउनुभयो ।

म्यान्मासँग सीमावर्ती सहर टाचिलिकमा थाइल्यान्डबाट हुने आपूर्ति घटेपछि केही पेट्रोल पम्पहरू बन्द भएका छन् । त्यहाँ गत हप्ता इन्धनको मूल्य तीन गुणासम्म बढेको थियो ।

यद्यपि जापान, इन्डोनेसिया, चीन, भारत र अफगानिस्तानजस्ता केही देशहरूमा भने हालसम्म व्यापक सङ्कट देखिएको छैन ।

सियोलका ४२ वर्षीय व्यापारी ली इन-टेले भने सावधानीस्वरूप आफूले पहिलेभन्दा बढी पटक इन्धन भर्न थालेको बताउनुभयो । "पहिले हप्तामा एक पटक गाडीमा इन्धन हाल्थेँ, तर अब सस्तो पम्प देख्नेबित्तिकै भर्ने प्रयास गर्छु", उहाँले भन्नुभयो ।

# निर्वाचनलाई शान्तिपूर्ण बनाउन भूमिका निर्वाह गर्ने प्रहरीको प्रशंसा

काठमाडौँ, २६ फागुन (रासस)। प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण, भयरहित तथा निष्पक्ष वातावरणमा सफलतापूर्वक सम्पन्न गराउन सम्पूर्ण प्रहरी कर्मचारीद्वारा निर्वाह गरिएको भूमिका प्रशंसनीय रहेको बताउनुभएको छ।

काठमाडौँ उपत्यका प्रहरी कार्यालय तथा मातहत कार्यालयका प्रमुख, प्रहरी अधिकृत तथा जवानहरूका लागि नेपाल पुलिस क्लब भृकुटीमण्डपमा सोमबार आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले निर्वाचनका समयमा प्रहरीले निर्वाह गरेको भूमिकाले प्रहरी सङ्गठनको समग्र श्रीवृद्धिमा महत्वपूर्ण योगदान पुगेको उल्लेख गर्नुभयो।

प्रहरी महानिरीक्षक कार्कीले सीमित साधनस्रोत, भौतिक पूर्वाधारको अभाव, पछिल्लो समय प्रहरी कर्मचारीहरूको मनोबल र क्षमताको विषयलाई लिएर व्यक्त भएका अभिव्यक्तिलगायत कारणका बाबजुद पनि निर्वाचनलाई ऐतिहासिक रूपमा शान्त र व्यवस्थित तवरले सम्पन्न गराउन सम्पूर्ण प्रहरी कर्मचारीले उच्च मनोबल, सामूहिक भावना र जिम्मेवारीबोधका साथ प्रदर्शन गरेकाले यसको व्यावसायिकता प्रशंसनीय रहेको बताउनुभयो।

प्रहरीको अथक सक्रियता र क्रियाशीलताका कारण समाजमा शान्तिसुरक्षा कायम राख्न सम्भव भएको उल्लेख गर्दै उहाँले आआफ्नो जिम्मेवारी अनुसार योजनाबद्ध रूपमा कार्यसम्पादन गरेकामा सबै प्रहरी कर्मचारीको उच्च प्रशंसा गर्नुभयो। आगामी दिनमा सबैको सहकार्य र समन्वयबाट सुरक्षा व्यवस्थापनलाई थप मजबुद बनाउँदै लैजानुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रहरी महानिरीक्षक कार्कीले प्रहरी पेसा मात्र नभई सेवा पनि भएको बताउँदै यसका लागि सेवाभाव, इमानदारीता, उच्च व्यावसायिकता, कर्तव्यपरायणता, दृढ अनुशासन आवश्यक रहेको उल्लेख गर्नुभयो। आगामी दिनमा पनि व्यक्तिगत स्वार्थभन्दा माथि उठेर साङ्गठनिक लक्ष्यप्रति सदैव केन्द्रीत भई सामूहिक भावना तथा भातृत्वभावका साथ प्राप्त जिम्मेवारी उत्कृष्ट रूपमा सम्पादन गर्नुपर्ने उहाँको भनाइ छ।

# सिरहामा ग्यास अभावको बहानामा कालोबजारी

सिरहा, २६ फागुन (रासस)। जिल्लामा खाना पकाउने एलपी ग्यासको अभाव देखाउँदै केही बिक्रेताले कालोबजारी गर्न थालेका जनगुनासो बढेको छ। उपभोक्ता र व्यवसायीले निर्धारण गरिएको मूल्यभन्दा दोब्बरभन्दा बढी रकम तिर्नुपर्ने अवस्था आएको पीडितले बताएका छन्।

लहानस्थित महराजा रेस्टुरेन्ट एण्ड होटेलका सञ्चालक पिन्टु राउतका अनुसार ग्यास अभावको मौका छोपेर पसलेहरूले अत्यधिक मूल्य असुल्न थालेका हुन्। "दुई थान ग्यास लिन जाँदा प्रतिसिलिन्डर चार हजार ५०० रुपैयाँ मागियो", उहाँले भन्नुभयो, "निर्धारित मूल्यमा दुई सिलिन्डरको तीन हजार ८२० रुपैयाँ पर्नुपर्ने हो। नौ हजार रुपैयाँ भनेपछि कसरी तिर्नु? त्यसपछि रित्तै हात फर्किनुपर्‍यो।"

सिरहा नगरपालिका-६ मा चियानास्ता पसल सञ्चालन गर्दै आएका प्रमोद यादवले पनि निर्धारण गरिएको मूल्यमा ग्यास नपाउँदा व्यवसाय चलाउन कठिन भएको बताउनुभयो। "सिलिन्डर किन्दा चार हजार ५०० रुपैयाँ तिर्नुपर्छ", उहाँले भन्नुभयो, "त्यति महँगोमा किनेर कसरी खर्च धान्नु? अब खाना पनि खान नसकिने अवस्था आउला कि भन्ने चिन्ता बढेको छ।"

खाना पकाउने ग्यासको खुद्रा मूल्य प्रतिसिलिन्डर एक हजार ९१० रुपैयाँ रहेको छ। तर बजारमा भने त्यसको दोब्बरभन्दा बढी मूल्यमा बिक्री भइरहेको उपभोक्ताको गुनासो छ।

उपभोक्ता अधिकारकर्मीले ग्यासको कृत्रिम अभाव सिर्जना गरेर कालोबजारी भइरहेको हुनसक्ने भन्दै सम्बन्धित निकायलाई तुरुन्त अनुगमन गर्न आग्रह गरेका छन्। जिल्ला प्रशासन कार्यालय सिरहाले कालोबजारी गर्नेविरुद्ध कारबाही गरिने चेतावनी दिएको सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिनुभयो।

कालोबजारी कानुनविपरीत काम भएकाले कोही दोषी पाइए कारबाही हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "हामी वाणिज्य कार्यालय र सम्बन्धित निकायसँग समन्वय गरेर बजार अनुगमन गर्नेछौँ, कालोबजारी गरेको पाइए कानुनबमोजिम कारबाही हुन्छ।"

नेपाल आयल निगमका स्थानीय वितरकहरूले ढुवानी र आपूर्ति व्यवस्थापनमा समस्या हुनुका साथै निर्वाचनका कारण तीन दिन सिमाना बन्द गरिनु उपभोक्ताहरूले पनि ग्यास भण्डारण गरेर राख्नुलगायत कारणले बजारमा अभाव देखिएको बताएका छन्।

# मौसमी प्रतिकूलताले वायु प्रदूषण बढ्दो, मास्कको प्रयोग गर्न आग्रह

काठमाडौँ, २६ फागुन (रासस)। हालैका दिनहरूमा मौसमी प्रतिकूलताका कारण देशका विभिन्न भागमा वायु प्रदूषणको स्तर बढ्दै गइरहेको छ।

विशेषगरी काठमाडौँ, पोखरालगायत देशका ठूला सहरका अतिरिक्त तराईका अधिकांश स्थानमा 'पिएम' (प्रदूषणका मसिना कणहरू) दुई दशमलव पाँच पुगेको जनाइएको छ। वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले वायु प्रदूषणका असरबाट जोगिन आम नागरिकलाई सावधानी अपनाउन अनुरोध गरेको छ।

विभागले मंगलबार एक अपिलमार्फत वायु प्रदूषण बढी भएको समयमा घरबाहिर निस्किँदा मास्कको प्रयोग गर्न, आफ्ना सवारीसाधनको नियमित मर्मतसम्भार गर्न र फोहोर तथा बालीनालीका अवशेषहरू नजलाउने र जलाउने प्रवृत्ति सबैको पहलमा रोक्न अनुरोध गरेको छ।

त्यसैगरी, वन-जङ्गलमा डढेलो नलगाउने र लागिहालेमा तत्काल निभाउने प्रयास गर्न, निर्माण गतिविधिहरू गर्दा धुलो-धुवाँ नउड्ने व्यवस्था गर्न, उद्योग कलकारखाना सञ्चालन गर्दा सरकारले तोकेका मापदण्ड पूर्ण रूपमा पालना गरी सञ्चालन गर्न विभागका महानिर्देशक ज्ञानराज सुवेदीले सबैमा अनुरोध गर्नुभयो।

वायु प्रदूषण न्यूनीकरणका लागि जिम्मेवार सबै निकाय र आम नागरिकको सहकार्य र सकारात्मक प्रयास भएमा मात्र प्रदूषण न्यूनीकरण गर्न सम्भव र सहज हुने भएकाले त्यसका लागि सबैमा अनुरोध गरिएको उहाँले बताउनुभयो।

प्रदूषण बिहान-बेलुका समयमा उच्च हुने गरेको छ। चिसोका कारण विभिन्न स्रोतबाट उत्सर्जन भएको प्रदूषण छरिएर जान नसक्ने तथा विगत लामो समयदेखि वर्षा नभएका कारण यो याममा वायु प्रदूषण हुने गरेको विभागको भनाइ छ।

# लागूऔषधसहित विभिन्न स्थानबाट १४ जना पक्राउ

काठमाडौँ, २६ फागुन (रासस)। प्रहरीले देशका विभिन्न स्थानबाट लागूऔषधसहित १४ जनालाई पक्राउ गरेको छ।

बर्दियाको गुलरिया नगरपालिका-११ गणेशपुरबाट मधुवन नगरपालिका-७ शुक्रबस्ती बस्ने गौरव पुन मगर, झापाको कमल गाउँपालिका-६ गुवाबारीबाट सोही गाउँपालिका-६ बस्ने लक्ष्मण राजवंशीलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको हो।

त्यसैगरी, सुनसरी, इनरुवा नगरपालिका-४ बाट सोही उपमहानगरपालिका-१८ का जेम्स राई र सोही उपमहानगरपालिका-१७ का सिद्धार्थ चौधरी पक्राउ परेका छन्। दाङ, तुलसीपुर उपमहानगरपालिका-५ बाट सोही नगरपालिका-७ डाँडापातु बस्ने १८ वर्षीय किशोरलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले जनाएको छ।

मकवानपुरको मनहरी गाउँपालिका-८ सिमपानीबाट राक्सिराङ गाउँपालिका-६ धुसराङ बस्ने सन्त सिंह लामा र सोही गाउँपालिका-२ बस्ने सन्तवीर मोक्तानलाई पक्राउ गरेको छ।

कैलालीको धनगढी उपमहानगरपालिका-२ बैयाबेहडी बस्ने प्रतिक चौधरीलाई कैलालीबाट पक्राउ गरेको प्रहरीले जनाएको छ। त्यसैगरी कैलालीकै धनगढी उपमहानगरपालिका-१९ धामी चोकबाट सोही उपमहानगरपालिका-१९ बस्ने विवेक चौधरी, सोही उपमहानगरपालिका-१२ जुगेडा बस्ने नमराज बराइली र छत्र बहादुर विक पनि लागूऔषधसहित पक्राउ परेका छन्।

यसैगरी, कैलाली, लम्कीचुहा नगरपालिका-१ अमौरीबाट जानकी गाउँपालिका-२ परागिपुर बस्ने रमेश दर्लामी मगरलाई प्रहरीले पक्राउ गरेको छ। बाँके, कोहलपुर नगरपालिका-११ सिद्धनगर डेरा गरी बस्ने गोबिन्द सुनार पनि पक्राउ परेका छन्।

कास्की, पोखरा महानगरपालिका-९ शान्तिवनबाट सोही ठाउँ बस्ने सुनिल कमरलाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। पक्राउ परेकाहरूका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

# जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग

काठमाडौँ, २६ फागुन (रासस)। जवाफदेहिता निगरानी समितिले गत 'भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग' प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गरेको छ।

समितिले आयोगको समग्र प्रतिवेदन सार्वजनिक गरी पीडित समुदाय, नागरिक समाज, मिडियालगायत आम नागरिकको सुसूचित हुन पाउने अधिकारको सम्मान गर्न माग गरेको हो।

समितिका संयोजक राजुप्रसाद चापागाईले मंगलबार प्रेस विज्ञप्ति जारी गरी उक्त आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गर्नुभएको हो।

विज्ञप्तिमा भनिएको छ, "प्रतिवेदन सार्वजनिक गर्ने वा नगर्ने भन्ने कुरा सरकारको तजबिजको विषय होइन प्रतिवेदनबारे जानकारी पाउने आम नागरिकको संविधानप्रदत्त अधिकार हो भने छानबिन प्रतिवेदनलाई यथाशीघ्र सार्वजनिक जानकारीमा ल्याउनु सरकारको दायित्व हो।"

# पर्साबाट दुई सय तेह्र किलो गाँजा बरामद

**दैनिक समाचारदाता**
**काठमाडौँ, २६ फागुन।** प्रहरीले पर्सा जिल्लाको जिराभवानी गाउँपालिका-४ पशुबजार नजिकबाट सोमबार करिब २१३ किलो गाँजा बरामद गरेको छ।

इलाका प्रहरी कार्यालय पटेर्वा सुगौली समेतबाट खटिएको प्रहरीलाई देख्नासाथ सुपौली बजारबाट जगरनाथपुरतर्फ आउँदै गरेको मे.१ त ५७१४ नम्बरको ट्याक्टर छोडी चालक फरार भएका थिए। प्रहरीले उक्त ट्याक्टर तलासी गर्दा २२ वटा प्लास्टिकको पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो।

प्रहरीले हाल फरार ट्याक्टर चालकको खोजी गर्नाका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

# भारतीय प्रम मोदीद्वारा सभापति लामिछाने र वरिष्ठ नेता बालेनलाई बधाई

काठमाडौँ, २६ फागुन (रासस)। छिमेकी मुलुक भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)लाई बधाई तथा शुभकामना दिनुभएको छ।

प्रधानमन्त्री मोदीले सोमबार उहाँहरूसँग टेलिफोन संवाद गरी नेपालको निर्वाचनमा प्राप्त उहाँहरूको विजय तथा रास्वपाको उल्लेखनीय सफलताका लागि दुवै नेताहरूलाई बधाई दिनुभएको सामाजिक सञ्जाल एक्समा उल्लेख गर्नुभएको छ।

साथै उहाँले आगामी नयाँ सरकार गठनका लागि शुभकामना व्यक्त गर्दै भारत नेपालसँग आपसी समृद्धि, प्रगति र दुवै देशका जनताको हितका लागि सहकार्य गर्न प्रतिबद्ध रहेको सन्देश पनि दिनुभएको छ।

प्रधानमन्त्री मोदीले दुवै देशको संयुक्त प्रयासबाट आगामी वर्षहरूमा नेपाल-भारत सम्बन्ध अझ नयाँ उचाइमा पुग्नेमा विश्वस्त व्यक्त गर्नुभएको छ।

सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*